# वर्तमान आर्थिक अवस्था र अर्थतन्त्र पुनरुत्थानका लागि सुझाव

दिपकराज जोशी[१]

मुलुकको अर्थतन्त्र निकै चुनौतीपूर्ण अवस्थामा रहेको र सुधारका लागि तत्काल ठोस कदम चाल्नुपर्ने अवस्था सिर्जना भएको बेलामा सरकार, निजी क्षेत्र एवं सरोकारवालाहरुबीच प्रभावकारी सहकार्य गर्दा त्यसले अर्थतन्त्रमा सुधार ल्याउन पक्कै पनि सहयोगी भूमिका खेल्नेछ ।

नेपालको निजी क्षेत्रले विगत केही महिनादेखि निरन्तररूपमा निकै अप्ठयारो परिस्थितीको सामना गरिरहेको छ । निजी क्षेत्रले भोगेको समस्याका कारण सरकारले पनि लक्ष्य अनुसार राजस्व संकलन गर्न नसक्दा सरकार आफैपनि निकै अप्ठ्यारो अवस्थामा पुगेको छ । निष्क्रिय कर्जामा तीव्र वृद्धि, उच्च ब्याजदर, नयाँ लगानीका योजना स्थगन, रियल इस्टेट तथा पुँजीबजारको कारोबार ठप्पप्रायः, राजस्व संकलनमा कमी, सहकारी तथा साना तथा मझौला व्यवसायमा समस्या, उद्योग-व्यवसायमा नगद प्रवाह अवरुद्ध लगायतका समस्याले समग्र मागमा नै अभुतपूर्व संकुचन आएको छ । जसका कारण सम्वृद्धिका सारथी उद्योगी-व्यवसायीहरुको मनोबल निक्कै खस्किएको छ ।

मागमा आएको उच्च गिरावटका कारण सबैभन्दा बढी साना तथा मझौला उद्योग व्यवसायहरु प्रभावित भएका छन् । यसको चेन अफ इफेक्ट उद्योगहरुमा पनि परेको छ । माग बढाउने उपाय अवलम्बन गर्न ढिला भए यसले गम्भिर संकट सृजना गर्न सक्दछ । चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्र सुधारका लागि तत्काल गर्नुपर्ने र दीर्घकालिन रुपमा गरिनुपर्ने कामहरुको बारेमा नेपाल उद्योग परिसंघले विभिन्न सुझावहरु सम्बन्धित निकायहरुमा दिइसकेको छ ।

अर्थ मन्त्रालय आगामी आर्थिक वर्षको बजेट निर्माणमा लागिरहेको छ भने नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षा गर्दैछ । हालको चुनौतीपूर्ण अर्थतन्त्र सुधारका लागि मौद्रिक नीतिको समीक्षामार्फत् राष्ट्र बैंकले मौद्रिक उपकरण अवलम्बन गर्छ भन्ने विश्वासमा निजी क्षेत्र छ । यस्तै बजेट मार्फत् निजी क्षेत्र एवं अर्थतन्त्र उत्थानका लागि निजी क्षेत्रको सुझावहरु समेटिनु पर्दछ ।

मुलुकको हालको अवस्थामा सुधार ल्याउन नेपाल उद्योग परिसंघले 'Rebooting Nepalese Economy' अवधारणा अगाडि सारेको छ । यसमा वित्तीय क्षेत्र, औद्योगिक प्रवर्द्धन, उर्जा, पूर्वाधार, पर्यटन, सूचना प्रविधि लगायतका क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै गर्नुपर्ने सुधारका योजना तथा सुझावहरु समेटिएका छन् ।

सरकारको कानून, नीति नियम, उद्योगी व्यवसायीलाई नियन्त्रण गर्ने होइन सहजीकरण गर्ने खालको हुनुपर्छ । उद्यम गर्न सहज छैन । थुप्रै असहजता हुँदा हुँदै पनि उद्योग सञ्चालन गरिरहेका उद्योगीहरुलाई प्रोत्साहनको खाँचो छ । स्वदेशी लगानीकर्ता प्रोत्साहित भए विदेशी लगानीकर्ता आकर्षित हुन्छन् भन्ने बुझ्न् आवश्यक छ । उद्योग प्रबर्द्धनका लागि धेरै कानूनहरुमा सुधार आवश्यक छ । कतिपय कानून खारेज नै गर्नुपर्ने खालका छन् । कतिपय सुधार भएका कानूनहरु समेत उद्योगीलाई सहजीकरण गर्ने खालको नभई नियन्त्रण गर्ने खालका छन् । त्यस्ता कानूनहरुमा सुधार आवश्यक छ भने वर्तमान अवस्थामा लाभ लिनका लागि नयाँ कानूनहरु निर्माण गर्नुपर्नेछ ।

नेपाल उद्योग परिसंघले अध्ययन नै गरेर खारेज गर्नुपर्ने, सुधार गर्नुपर्ने र नयाँ बनाउनुपर्ने कानूनको विषयमा स्पष्ट पारेको छ ।

१ महानिर्देशक, नेपाल उद्योग परिसंघ

उदाहरणको रुपमा खारेज नै गर्नुपर्ने ऐनमा **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, मदिरा ऐन २०१७** रहेको छ । विदेशमा लगानी प्रतिबन्ध लगाउने ऐन, २०२१ लाई संशोधन गर्नुपर्ने छ ।

- **सुधार गर्नुपर्ने ऐनहरुमा**
  - ☞ बोनस ऐन, २०२०
  - ☞ पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२
  - ☞ नेपाल एजेन्सी ऐन, २०१४
  - ☞ औषधी ऐन, २०३५
  - ☞ राजस्व न्याधिकरण ऐन, २०३१
  - ☞ सार्वजनिक खरिद ऐन, २०६३ (सार्वजनिक खरिदमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने गरी यस कानूनको संशोधन गर्नुपर्ने)
  - ☞ भूमि सम्बन्धी ऐन, २०२१
  - ☞ जग्गा प्राप्ति ऐन, २०३४
  - ☞ राजस्व चुहावट ऐन, २०५२
  - ☞ मूल्य अभिवृद्धि कर ऐन, २०५२
  - ☞ भन्सार ऐन, २०६४
  - ☞ बैंकिङ कसुर तथा सजाय ऐन, २०५८
  - ☞ आयकर ऐन, २०५८
  - ☞ औद्योगिक व्यवसाय ऐन २०७६
  - ☞ खानी तथा खनिज पदार्थ ऐन, २०४२
  - ☞ वातावरण संरक्षण ऐन २०७६ लगायतका छन् ।
- **केही नयाँ ऐनहरु बनाइनुपर्ने पनि हामीले आवश्यक देखेका छौं । जस्तो**
  - ☞ Payment of Securities Act
  - ☞ क्षतिपूर्ति सम्बन्धी ऐन
  - ☞ त्यसैगरी जडिबुटी तथा सुगन्धित बिरुवाहरुको दिगो व्यवसायिक उपयोगका लागि ऐन ।

२०४७ सालको राजनीतिक परिवर्तनपछि आर्थिक उदारीकरणको प्रक्रिया तीब्र भयो । लाइसेन्सराजको नियन्त्रण खुकुलो भएपछि नेपालमा निजी क्षेत्र र अर्थतन्त्र फराकिलो बन्न सके । जसका कारण अर्थतन्त्रमा निजी क्षेत्रको हिस्सा ८५ प्रतिशत माथि पुगेको भनिन्छ । खुला बजार अर्थनीतिले निजी क्षेत्र फस्टायो, जसले गर्दा रोजगारीमा सुधार भएर आर्थिक क्रियाकलाप पनि विस्तार भयो । करिब तीन दशक अगाडि अबलम्बन गरिएको खुला बजार अर्थ नीति जसलाई हामीहरु पहिलो चरणको सुधार भन्छौं, त्यसले अर्थतन्त्रको जग केही हदसम्म बलियो बनाउन ठूलो भूमिका खेल्यो । अब यसैमा सीमित नभई यसलाई थप बढावा दिनुपर्ने देखिन्छ ।

केही समयअघिसम्म बाह्य क्षेत्रमा देखिएको दबाब, वित्तीय क्षेत्रमा भइरहेको समस्याका कारण अहिले समग्र अर्थ प्रणाली नराम्रोसँग प्रभावित भईरहेको छ । आत्मनिर्भर अर्थतन्त्र निमार्ण गर्ने भनिएपनि आन्तरिक

उत्पादनले माग नधान्ने अवस्था छ, जसले गर्दा कृषिलगायतका खाद्यान्न उच्च आयात भइरहेका छन् । उच्च आयातलाई रेमिटऱ्यान्सले भरथेग गरिरहेको छ । त्यसैले अहिले अर्थतन्त्रले भोगिरहेको जस्तो समस्या आउन नदिन, आन्तरिक उत्पादन बढाउन संरचनात्मक सुधार गर्दै दोस्रो चरणको आर्थिक सुधारका लागि लाग्नुपर्ने आवश्यकता देखिन्छ ।

आन्तरिक उत्पादनमा जोड दिनुपर्ने भएकाले त्यसको वातावरण बनाउन नीतिगत सुधार आवश्यक छ । राज्यको नीति नियन्त्रणमुखी होइन सहजीकरण गर्ने खालको हुनुपर्छ । करको आधार फराकिलो पार्ने, करका दरहरू घटाउने गरी कर प्रणालीमा सुधार आवश्यक छ । निजी सम्पत्तिमाथिको अधिकारलाई कानूनले नै सुरक्षित गर्नुपर्छ । आन्तरिक लगानीले मात्रै पुग्दैन भन्नेमा सबै सहमत भएको अवस्थामा प्रत्यक्ष वैदेशिक लगानीका लागि उदार नीति अवलम्बन गर्न आवश्यक छ । संरचनागत, नीतिगत एवं व्यवहारगत सुधार गर्दै दोस्रो चरणको आर्थिक सुधारमा केन्द्रित हुनुपर्ने देखिन्छ । आन्तरिक उत्पादनलाई बढावा दिने, औद्योगिकीकरण गर्ने, स्वदेशी वस्तुको प्रयोगलाई बढावा दिने गरी नयाँ सुधार गर्न आवश्यक छ ।

अहिले नेपाली अर्थतन्त्रले निष्क्रिय कर्जामा तीव्र वृद्धि, उच्च ब्याजदर (र यसका कारण cost of fund महँगिएको), नयाँ लगानीका योजना स्थगन, रियल इस्टेट तथा पूँजीबजारको कारोबार ठप्पप्रायः, राजस्व संकलनमा कमी, सहकारी तथा साना तथा मझौला व्यवसायमा समस्या, उद्योग-व्यवसायमा नगद प्रवाह अवरुद्ध लगायतका समस्या एकसाथ भोगिरहेको छ । यी सबै कारणले समग्र मागमा नै अभुतपूर्व संकुचन आएको छ भने यसले उद्योगी-व्यवसायीहरुको मनोबल निक्कै खस्किएको छ । साथै राज्यको आय पनि घटेको छ । विगतका वर्षको ६-८ प्रतिशतको तुलनामा बैंक ब्याजदर झण्डै दोब्बर (१२ देखि १५ प्रतिशत) बढेको छ । साथै, भारित औसत (Weighted average) ब्याज दर पनि गत वर्ष २०७८ पौषमा ९.४४% मात्र रहेकोमा यस वर्ष फागुनमा १३.०३% पुगिसकेको राष्ट्र बैंकको आँकडा छ । यसले उद्योगी व्यवसायीहरूले लगानी वृद्धि गर्न सकिरहेका छैनन् ।

जोखिम रहित ट्रेजरी विलमा नै अधिकतम व्याज प्राप्त हुँदा वैंक तथा वित्तीय संस्थाहरू जोखिम पूर्ण उद्योग तथा व्यवसायमा कर्जा लगानी गर्न उत्साहित नभएकोले निजीक्षेत्रले नयाँ तथा अघि बढिसकेका परियोजनाहरुका लागि समेत कर्जा पाउन सकेका छैनन् । बजार मागमा अभूतपूर्व संकुचन देखिएको छ । घरजग्गा तथा सेयर बजारको कारोबारमा तरलता अभावको अवस्था स्पष्ट रुपमा प्रतिबिम्बित भइरहेको छ । आर्थिक गतिविधिका अधिकांश क्षेत्रहरु विगतका वर्षहरुको तुलनामा निराशाजनक अवस्थामा छन् । यसर्थ सरकारले चालु वर्षका लागि लक्ष्य राखेको ८% को आर्थिक वृद्धि हाँसिल नहुने प्रष्ट रुपमा देखिएको छ । एशियाली विकास बैंकको पछिल्लो प्रक्षेपण अनुसार नेपालले यो वर्ष ४% को हाराहारीमा मात्र आर्थिक वृद्धि भेट्नेछ । कोभिडअघि नेपालको नियमित विदेशी मुद्रा सञ्चिति ९ अर्ब डलर थियो । कोभिड अवधिमा आयात घटेको र रेमिट्यान्स नियमित रूपमा बढ्दै गएपछि गत साउनमा विदेशी मुद्रा सञ्चिति ११ अर्ब ४२ करोड डलर पुग्यो । लकडाउनका कारण सामाजिक-आर्थिक गतिविधि प्रायः बन्द भएकाले लगानीका अवसर कम भयो जसको कारण तरलता वृद्धि हुन पुग्यो ।

**यस्तो शिथिल अर्थव्यवस्थालाई चलायमान बनाउन प्राथमिक्ताका साथ केही कार्यहरु गरिनु पर्ने हुन्छ जुन यस प्रकार छन्:**

हालको यो अवस्थामा सुधार ल्याउन नेपाल उद्योग परिसंघले निजी क्षेत्रको प्रतिनिधित्व गर्दै 'Rebooting Nepalese Economy' (अर्थतन्त्रलाई पुनः गति प्रदान) अवधारणामा कार्यान्वयन गर्न सकिने नीतिगत कार्ययोजना (Course of action) सहितका सुझावहरु तयार पारिरहेको छ । उल्लेखित केही सुझावहरु संक्षिप्त रुपमा यस प्रकार छन् :

## १. ऊर्जा क्षेत्र

☞ हाल पाइपलाईनमा रहेका ११,३९२ MW का परियोजनाहरू मध्ये १,५०० MW को मात्र PPA खुला गरिएकोमा सवै परियोजनाहरूको PPA गरिनु पर्ने ।

☞ निजी क्षेत्रलाई विद्युतको उत्पादन सहित प्रसारण, वितरण तथा व्यापारमा समेत लगाइनु पर्ने ।

☞ नेपाल सरकारले विद्युत ऐन संशोधन गरी पावर ह्विलिङको व्यवस्था सहित विद्युत उत्पादकले सोझै उद्योगलाई विक्रि गर्न पाउने व्यवस्था कायम गरिनु पर्ने ।

## २. वित्तीय क्षेत्र (तरलता संकट तथा उच्च ब्याजदर)

☞ वैंक दर तथा नीतिगत दर कम गर्दै यसको अन्तर समेत कम गरिनु पर्ने ।

☞ अर्थतन्त्र चलायमान वनाउन घर जग्गा कारोवार तथा शेयर वजारलाई चलायमान वनाउने ।

☞ मुद्दती निक्षेप तथा सामान्य वचत निक्षेपमा उपलब्ध हुने व्याजमा बढीमा ५ प्रतिशतको मात्र अन्तर हुनु पर्ने व्यवस्थालाई खुकुलो वनाइनु पर्ने ।

## ३. औद्योगिक प्रवर्धन

☞ वैंक तथा वित्तीय संस्थाहरूको कूल कर्जाको निश्चित प्रतिशत कर्जा उत्पादन मुलक उद्योगहरूमा प्रवाह हुनु पर्ने प्रावधान कायम गर्दै यस क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रमा वर्गिकरण गरिनु पर्ने ।

☞ उद्योगहरूलाई जग्गामा हदबन्दी लाग्न नहुने स्पष्ट प्रावधान कायम गरिनु पर्ने ।

☞ मूल्य अभिवृद्धिका आधारमा सवै निर्यातमा नगद अनुदान उपलब्ध हुनु पर्ने ।

## ४. पूर्वाधार क्षेत्र

☞ पूँजीगत खर्च हुने सुनिश्चितता गरिनु पर्ने ।

☞ निर्माणसँग सम्बन्धित करिब ६० अरब जति भुक्तानी हुन बाकी भनिएको रकम १ महिना भित्र निकासा गरिनुपर्ने ।

☞ Infrastructure Development Authority वनाईनु पर्ने ।

☞ कम मूल्यको बोलपत्र मान्य हुने ब्यवस्थालाई तत्काल पुनरावलोकन गरिनु पर्ने ।

☞ राष्ट्रिय गौरव, दीर्घकालीन महत्व तथा रणनैतिक महत्वका आयोजनाहरूलाई तत्काल अगाडि बढाउनुका साथै समयमा सम्पन्न गर्न Sunset Law ल्याई अगाडी बढ्नु पर्ने ।

## ५. पर्यटन क्षेत्र

☞ हालै निर्माण भएका दुई विमान स्थलहरूको प्रभावकारी संचालन गरिनु पर्ने ।

☞ पर्यटकीय महत्वका बाटोहरूको स्तरोन्नति गरिनु पर्ने ।

☞ नेपाल वायुसेवा निगमको सुधार गर्नुका साथै यसको खर्च कटौती गर्दै अन्तराष्ट्रिय हवाई भाडामा समेत प्रतिस्पर्धी बनाउन रणनीतिक साझेदार भित्र्याइनु पर्ने ।

☞ युरोपियन युनियनले नेपाली हवाई सेवालाई असुरक्षीत सूचीमा राखेकोले नेपाली तथा युरोपेली जाहाजहरू नेपाल वा युरोपमा उडान भर्न नसकिरहेको अवस्था छ । यो सूचीबाट नेपाललाई हटाउन पूरा गर्नु पर्ने मापदण्डहरु पुरा गरी नेपाल सरकारले युरोपेली युनियन समक्ष गम्भिर पहल गर्नु पर्ने ।

६. **सूचना प्रविधि क्षेत्र**

- ☞ IT Park मा कम्तिमा १० वर्ष सम्म आयकर छुट गरिनु पर्ने ।
- ☞ IT शिक्षामा कोटा हटाउनुपर्ने ।
- ☞ IT product को निर्यातमा Cash Incentive दिनुपर्ने ।
- ☞ IT तथा BPO बाट प्राप्त आयमा १ प्रतिशतमात्र आय कर लाग्ने प्रावधानलाई आगामी १० वर्षका लागि सुनिश्चित गरिनु पर्ने ।

७. **जडिबुटी तथा सुगन्धित विरुवा क्षेत्र**

- ☞ नेपालमा करिब २००० थरीका जडिबुटी तथा सुगन्धित विरुवाहरु पाइने गरेका छन् जस्को औषधोपचार तथा सौन्दर्यीकरणमा ठूलो महत्व छ । तर करिब २५ थरीका यस्ता विरुवाको ज्यादै न्युन मात्रामा मात्रै उपयोग हुने गरेको छ । नेपालको भूवनोटले गर्दा यस्ता विरुवाको विकासमा विशेष महत्व राख्दछ । तसर्थ यस क्षेत्रको वातावरणमैत्री एवं दिगो विकासको निम्ती विकास गरी लाभ लिनु पर्ने हुन्छ ।

**निष्कर्ष**

अन्त्यमा निजी क्षेत्र र सरकारको सहकार्यविना देश दिगो विकासको मार्गमा जान सक्दैन भन्ने तथ्यलाई आत्मसात् गरी सरकार र निजी क्षेत्र हातेमालो गरी अगाडि बढ्नुपर्ने आवश्कता देखिएको छ । माथि उल्लेखित सुझावहरुलाई कार्यान्वयन गर्न सकेका खण्डमा वर्तमान समस्याहरुलाई पक्कै पनि समाधान गर्न सकिन्छ भन्नेमा परिसंघ विश्वस्त छ ।